# लम्कीचुहा नगरपालिकाको कर्मचारी इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८१

**पृष्ठभूमिः**

प्रशासनिक खर्चमा मितव्ययिताको साथै कर्मचारीहरुको मनोबल उच्च राखी सरल, सहज, र उत्कृष्ट सेवा प्रवाहलाई समेत टेवा पुग्ने गरी इन्धन वितरण सम्बन्धि मापदण्ड बनाउनु पर्ने आवश्यकता देखिएकोले लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको बैठकले यो मापदण्ड स्वीकृत गरि जारी गरिएको छ।

**कार्यपालिकाको बैठकबाट स्वीकृतः २०८१।०३।२१ गते**

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप नाम र प्रारम्भः-**

क. यो मापदण्डको नाम लम्कीचुहा नगरपालिकाको कर्मचारीको इन्धन सुविधा सम्बन्धी मापदण्ड, २०८१ रहेको छ।

ख. यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा र व्याख्या**

क. कर्मचारी" भन्नाले लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यरत स्थायी, अस्थायी र करार सेवाको प्राविधिक र अप्राविधिक दुवै प्रकृतिका कर्मचारीलाई जनाउँछ।

ख. कार्यालय" भन्नाले लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ

ग. स्वकीय सचिवालय" भन्नाले नगर प्रमुख तथा उप प्रमुखको सचिवालयलाई जनाउँछ

घ. अधिकार प्राप्त अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

ङ. इन्धन भन्नाले डिजेल वा पेट्रोल सम्झनु पर्छ।

## परिच्छेद-२
## इन्धन सुविधा सम्बन्धी व्यबस्था

**३. ईन्धन सुविधाः**

क. सरकारी तथा निजी सवारी साधन प्रयोग गरी नियमित रुपमा कार्यालयको कामकाजमा खटिइरहेका स्थायी, अस्थायी र करार सेवाको प्राविधिक तथा अप्राविधिक कर्मचारीलाई अनुसुची १ बमोजिमको इन्धन सुविधा उपलब्ध गराइनेछ।

ख. निजी सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुले इन्धन सुविधा लिन चाहेमा आफ्नो नाममा दर्ता रहेको सवारी साधनको ब्लु बुक र सवारी चालक अनुमतिपत्रको प्रतिलिपि अनिवार्य रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ। सम्बन्धित कर्मचारीको नाममा रहेको ब्लुबुक र सवारी चालक अनुमतिपत्रको प्रतिलिपि पेश नगरेसम्म इन्धन वापतको सुविधा उपलब्ध गराइने छैन।

ग. कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख अद्यावधिक गरी राखुपर्नेछ।

सुशिला शाही
नगर प्रमुख

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरका, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

घ. मापदण्ड भन्दा बढी इन्धन आवश्यक भएमा कार्यालयको बिनियोजित बजेटको सीमाभित्र रही आवश्यक पुष्टयाईहरुका आधारमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउन सक्नेछ।

ङ. चारपाङ्ग्रे वा सो भन्दा ठूला सवारी साधन संचालनको लगबुक भरी तोकिएको जिन्सी उपशाखाको अधिकारीले प्रमाणित गरेको हुनुपर्नेछ।

च. अनुसुची १ मा तोकिएको इन्धनः सुविधा पाउने कर्मचारीहरु प्रसुति बिदा, बेतलिवि बिदा, अध्ययन बिदा, असाधारण विदा वा ३० दिन भन्दा बढी काजमा अन्य कार्यालयमा खटिई गएमा वा ३० दिन भन्दा बढी समय विदामा बसेमा सो अवधीको इन्धन सुविधा उपलब्ध गराइनेछैन।

छ. शसर्त अनुदान तथा कार्यक्रम अन्तर्गत कार्यरत रहेका कर्मचारीहरुले सम्बन्धित कार्यक्रम मार्फत इन्धन शिर्षकमा विनियोजित बजेटबाट यसै मापदण्ड बमोजिम इन्धन सुविधा उपलब्ध गराइनेछ।

ज. अतिथि शीर्षकमा इन्धन उपलब्ध गराउनुपर्ने भएमा अधिकार प्रास अधिकारीको स्वीकृतिमा मात्र उपलब्ध गराउनुपर्नेछ।

झ. इन्धन सम्बन्धि अभिलेख कार्यालयको जिन्सी उपशाखाले राखुपर्नेछ।

ञ. कार्यालयले इन्धन शिर्षकमा विनियोजन गरेको रकमले उल्लेखित मापदण्ड अनुसारको इन्धन सुविधामा अपुग भएमा वा बजेट कटौति भएको अवस्थामा अधिकार प्राप्त अधिकारीले उल्लेखित मापदण्ड बमोजिमको सुविधा कटौति वा स्थगित गर्न बाधा गर्ने छैन।

**४ . इन्धन बापत रकम उपलब्ध गराउने :-**

क. दफा ३ बमोजिम कर्मचारीहरुलाई कार्यालयले इन्धनको मूल्य बराबरको रकम नगदमा उपबल्ध गराउने छ

ख. यस दफाबमोजिम इन्धन सुविधा वापतको भुक्तानी भएको रकमको कुनै विल बिजक पेश गर्नुपर्ने छैन।

**५ रकम भुक्तानि .**

क. यस मापदण्ड बमोजिम प्रदान गरिने इन्धन वापतको रकम मासिक रुपमा दिने तलब भत्तासँगै सम्बन्धित कर्मचारीहरुलाई भुक्तानी दिइनेछ।

**६. इन्धनवापतको रकममा कर लाग्ने.**

क. इन्धनवापत नगद उपलब्ध गराउँदा सो नगद रकम सम्बन्धित कर्मचारीको कुल आम्दानीमा गणना गरी प्रचलित कानुन बमोजिम कर लाग्नेछ।

**७. विद्युतिय सवारी साधनको उपयोग**: यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै कर्मचारीलाई सरकारी विद्युतीय सवारीको सुविधा उपलब्ध गराएको अवस्थामा यस मापदण्ड बमोजिम इन्धन वापत उपलब्ध गराइने रकमको आधा रकम प्रदान गरिने छ।

**८. दुरुपयोग गर्न नहुने**: यस निर्देशिका बमोजिम इन्धन सुविधा प्राप्त गर्ने कर्मचारीले दोहोरो पर्ने गरी इन्धनवापतको सुविधा लिन पाईने छैन।

## परिच्छेद-३
## संशोधन, खारेजी र बचाउ

**६. संशोधन, खारेजी र बचाउ**

क. यस मापदण्डमा भएको व्यवस्था आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

सुशिला शाही
नगर प्रमुख

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

ख. यस अघि कार्यालयले उपलब्ध गराएको इन्धन सुविधा समेत यसै बमोजिम भए/गरेको मानिनेछ ।

## अनुसूची-१
## नियम ३ संग सम्बन्धित कर्मचारीहरुको लागि मासिक इन्धन वापतको सुविधा

| सि.नं. | तह/पद/जिम्मेवारी | रकम रु (मासिक) | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय सहयोगी तथा सो सरह | रु १०००।०० अक्षेरुपी एक हजार मात्र | सैव सेवा समुहका लागि |
| २ | मुखिया / सहायक स्तरका चौथो र पाचौं | रु १५००।०० अक्षेरुपी एक हजार पाँच सय मात्र | नेपाल ईन्जिनियरीङ सेवा बाहेकका अन्य सेवाका कर्मचारीहरु |
| ३ | अमिन सर्वेक्षक | रु २५००।०० अक्षेरुपी दुइ हजार पाँच सय मात्र | |
| ४ | सब ईन्जिनियर / असिस्टेन्ट सब ईन्जिनयर | रु २५००।०० अक्षेरुपी दुइ हजार पाँच सय मात्र | नेपाल ईन्जनियरिङ सेवाका कर्मचारी |
| ५ | अधिकृत स्तर | रु २०००।०० अक्षेरुपी दुइ हजार मात्र | नेपाल ईन्जिनियरीङ सेवा बाहेकका अन्य सेवाका कर्मचारीहरु |
| ६ | ईन्नियर अधिकृत स्तर | रु ३०००।०० अक्षेरुपी तीन हजार मात्र | नेपाल ईन्जनियरिङ सेवाका कर्मचारी |

सुशिला शाही
नगर प्रमुख